श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२३ सालको ऐन नं. ११

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### सैनिक ऐन, २०१६ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– सैनिक ऐन २०१६ (यस पछि मूल ऐन भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "सैनिक (दोस्रो संशोधन) ऐन, २०२३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा २ मा संशोधनः– मूल ऐनको दफा २ को खण्ड (झ) को सट्टा देहायबमोजिमको खण्ड (झ) राखिएको छः–

(झ) "बिल्लादार" भन्नाले श्री ५ को सशस्त्र सेनाका हुद्दा, अमलदार, प्यूठ र खास कामका निमित्त खडा भएका संगठित दलका त्यस्ता दर्जाका व्यक्ति समेतलाई सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल ऐनको दफा ३५ मा संशोधनः– (१) मूल ऐनको दफा ३५ को तेस्रो पंक्तिमा रहेको खण्ड "(च) वा (छ)" शब्दहरूको सट्टा खण्ड "(च) वा (छ) वा (ज)" भन्ने शब्दहरू राखिएको छः–

(२) मूल ऐनको दफा ३५ को खण्ड (छ) को अन्तमा "वा" शब्द राखी सो दफामा देहाय बमोजिमको खण्ड (ज) थपिएको छः–

(ज) आफूभन्दा माथिल्लो दर्जाका व्यक्तिलाई मर्यादा नराखी होच्याई बोलेमा वा अपमान गरेमा ।

४. मूल ऐनको दफा ६० मा संशोधनः– मूल ऐनको दफा ६० को खण्ड (क) मा रहेको "वा दामलको" भन्ने शब्द झिक्ने र "कसुरदारलाई" भन्ने शब्दको सट्टा "कसूरदार" भन्ने शब्द राखिएको छ ।

५. मूल ऐनमा दफा ६१ क. थपः– मूल ऐनको दफा ६१ पछि देहाय बमोजिमको दफा ६१ क. थपिएको छः–

६१ क. सैनिक हिरासतमा राख्नेः– यो ऐन लागू हुने व्यक्तिलाई दफा ६१ बमोजिम कोर्टमार्शलबाट नहेरिने अवस्थाको कुनै कसूर गरेको अभियोगमा कानून बमोजिम थुनामा राखी कारवाई गर्नुपर्ने भयो भने निजलाई त्यस सम्बन्धमा आवश्यकतानुसार शुरू तहकिकातदेखि लिएर अदालतबाट फैसला नभएसम्मलाई सो तहकिकात वा मुद्दाको कारवाई गर्ने अधिकारी वा अदालतको आदेशले सैनिक हिरासतमा राखिने छ । त्यस्तो अभियुक्तलाई मुद्दाको कारवाईको सिलसिलामा त्यस्तो अधिकारी वा अदालतका समक्ष उपस्थित गराउने आदेश भएमा सम्बन्धित सैनिक अधिकारीले गराउने छ ।

६. मूल ऐनको दफा ६२ मा संशोधनः– मूल ऐनको दफा ६२ को सट्टा देहाय बमोजिमको दफा ६२ राखिएको छः–

६२. कोर्टमार्शलबाट दिन सकिने सजायहरूः– (१) यो ऐन लागू हुने कुनै व्यक्ति कोर्टमार्शलबाट हेरिने कसूरमा दोषी ठहरिएमा कोर्टमार्शलबाट निजलाई देहाय बमोजिम सजायँ दिन सकिने छ :–

(क) ज्यान सजाय,

(ख) जन्म कैद,

(ग) अंश सर्वस्व,

(घ) १४ वर्षसम्म कैद,

४३६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य, ठहरिने गरी वा नगरी नोकरीबाट बर्खासी,

(च) राजीनामा गर्न बाध्य गराउने,

(छ) दर्जा घटाउने,

(ज) सम्बन्धित पति (कमाण्डर) लाई बढीमा ५ पाँच वर्षसम्म बढुवा रोक्का वा नसिहत,

(झ) जङ्गी कारवाईमा गरिएको कसुरमा तीन महीनासम्मको तलब भत्ता कट्टी,

(ञ) हानी नोक्सानीको क्षेतिपूर्ति नभएसम्म तलब भत्ता रोक्का-गर्ने,

(ट) बढीमा २ वर्षसम्म तलब वृद्धि रोक्का गर्ने ।

(२) उप–दफा (१)को खण्ड (ङ) बमोजिम भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी वर्खास्त गरिएका कुनै व्यक्तिको कर्मचारी सञ्चयकोषमा जम्मा भएको रूपैयाँ बाहेक निजको बांकी रहेको तलबभत्ता र त्यस बेला निजले श्री ५ को सरकारबाट पाउनु पर्ने अरू रूपैयाँ समेत दिईने छैन ।

७. मूल ऐनको दफा ६४ मा संशोधनः– मूल ऐनको दफा ६४ को उप–दफा (१) मा रहेको खण्ड (च) देखि (ञ) सम्ममा भन्ने शब्दहरूको सट्टा खण्ड (च) देखि (ट) सम्ममा भन्ने शब्दहरू राखिएका छन् ।

८. मूल ऐनको दफा ६६ मा संशोधनः– मूल ऐनको दफा ६६ को उप–दफा (२) मा रहेको "खण्ड (ङ) मुनिको" भन्ने शब्दहरूको सट्टा "खण्ड (च) मुनिको" भन्ने शब्दहरू राखिएका छन् ।

९. मूल ऐनको दफा ७१ मा संशोधनः– मूल ऐनका दफा ७१ को सट्टा देहाय बमोजिमको दफा ७१ राखिएको छः–

७१. दफा ६९ मा लेखिएका सजायहरूमा थप सजायः– दफा ६९ मा लेखिएको सजायहरूमा थप सजाय दिनुपरेमा प्रधान सेनापतिले सोही दफामा लेखिएको कुनै अर्को सजाय थप दिन वा पहिले दिएको सजाअँको हदसम्म सजाय तोक्न सक्नेछ ।

१०. मूल ऐनको दफा ९३ पछि दफा ९३ क थपः– मूल ऐनको दफा ९३ पछि देहाय बमोजिम दफा ९३ क. थपिएको छः–

४३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९३ क. <u>सरकारी बांकी सरह असूल उपर गरिने</u>:– यो ऐन बमोजिम अदालती कारवाई गर्दा लागेको जरिवाना असूल उपर गर्न अञ्चलाधीशलाई लेखि पठाएमा अञ्चलाधीशले प्रचलित नेपाल कानून बमोजिम सरकारी बांकी सरह असूल उपर गरी सम्बन्धित विभागमा पठाउनु पर्नेछ ।

११. <u>मूल ऐनको दफा १०९ मा संशोधन</u>:– मूल ऐनको दफा १०९ को उप–दफा (३) को सट्टा देहाय बमोजिम उप–दफा (३) राखिएको छः–

(३) समरी कोर्टमार्शलले अधिकृत सुवेदार र जमादार बाहेक यो ऐन लागू हुने सो कोर्टमार्शल गर्ने अधिकृतको कमाण्डमा रहेको कुनै व्यक्तिको मुद्दा पूर्पक्ष गर्न सक्नेछ ।

१२. <u>मूल ऐनको दफा १६५ मा थप</u>:– मूल ऐनको दफा १६५ को उप–दफा (२) को खण्ड (ठ) पछि देहाय बमोजिम खण्ड (ड) र (ढ) थपिएको छः–

(ड) सैनिक मालसामान मिह्ला र रद्दी गर्ने,

(ढ) भगुवाको तलब भत्ता र अरू रकम सम्बन्धी व्यवस्था गर्ने ।

१३. <u>रूपान्तर</u>:– मूल ऐन र अन्य प्रचलित नेपाल कानूनमा सेना वा सैनिक काम कारवाईका सम्बन्धमा प्रयोग गरिएका देहायका अंग्रेजी शब्दावलीको सट्टा अनुसूचीमा देहाय बमोजिम नेपाली शब्दावली राखी रूपान्तर गरिएको छ ।

## अनुसूची

| अंग्रेजी शब्दावली | नेपाली शब्दावली |
|---|---|
| १. सुप्रिम कमाण्डर–इन–चीफ | परम सेनाधिपति |
| २. कमाण्डर–इन–चीफ | प्रधान सेनापति |
| ३. आर्मि ग्रुप | महासेना |
| ४. आर्मि | सेना |
| ५. कोर | चमु |
| ६. डिभिजन | पृतना |
| ७. वृगेड | वाहिनी |
| ८. बटालियन | गण |
| ९. कम्पनी | गुल्म |
| १०. प्लाटून | सेनामुख |
| ११. सेक्शन | पति |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| १२. कमाण्डर | पति (जस्तो कोर कमाण्डर चमुपति) |
| १३. फील्डमार्शल | अतिरथी |
| १४. कमाण्डिङ्ग जनलर | उपातिरथी |
| १५. जनरल | महारथी |
| १६. लेफटेनेन्ट जनरल | रथी |
| १७. मेजर जनरल | उप–रथी |
| १८. वृगेडियर जनरल | सहायक–रथी |
| १९. कर्णेल | महासेनानी |
| २०. लेफटेनेन्ट कर्णेल | प्रमुख सेनानी |
| २१. मेजर | सेनानी |
| २२. कप्तान | सह-सेनानी |
| २३. लेफटेनेन्ट | उप-सेनानी |
| २४. सेकेण्ड लेफटेनेन्ट | सहायक–सेनानी |
| २५. सुवेदार मेजर | प्रमुख सुवेदार |
| २६. सुवेदार | सुवेदार |
| २७. जमदार | जमदार |
| २८. हवल्दार | हुद्दा |
| २९. नायक | अमल्दार |
| ३०. लान्सनायक | प्यूठ |
| ३१. राइफलम्यान | सिपाही |
| ३२. रिक्रुट | सैन्य |
| ३३. जनरल अफिसर | रथीवृन्द |
| ३४. क. देखि से. ले. सम्म | सेनानी समूह |
| ३५. जे. सी. ओ. | पदिक वर्ग |
| ३६. एन. सी. ओ. | विल्लादार |
| ३७. अफिसर | अधिकृत |
| ३८. अदर-र्‍याङ्क | अरू दर्जा |
| ३९. प्रिन्सिपल मिलिटरी सेक्रेटरी टू हिज मेजेष्टी | श्री ५ महाराजाधिराजका प्रमुख सैनिक सचिव |
| ४०. मिलिटरी सेक्रेटरी टू हिज मेजेष्टी | श्री ५ महाराजाधिराजका सैनिक सचिव |
| ४१. असिष्टेन्ट मिलिटरी सेक्रेटरी टू हीज मेजेष्टी | श्री ५ महाराजाधिराजका सहायक सैनिक सचिव |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| ४२. ए.डी.सी. जनरल टू हिज मेजेष्टी | शाही पार्श्ववर्ति (रथी वा दर्जा अनुसार) |
| ४३. ए.डी.सी.टू हिज मेजेष्टी | शाही पार्श्ववर्ति |
| ४४. रायल आर्मि हेड क्वार्टर्स | शाही जङ्गी अड्डा |
| ४५. एम.ए. | सैनिक सहायक |
| ४६. ए.डी.सी. | पार्श्ववर्ति |
| ४७. मिलिटरी सेक्रेटरी | सैनिक सचिव |
| ४८. चीफ अफ् दी जनरल स्टाफ | बलाधिकृत |
| ४९. डिरेक्टर अफ् मिलिटरी अप्रेसन एण्ड स्टाफ ड्यूटिज | व्यवस्था र युद्धकार्य निर्देशक |
| ५०. जि.एस.ओ. १ | सह व्यवस्था युद्धकार्याधिकृत |
| ५१. जि. एस.ओ. २ (अप्रेशन) | उप-युद्ध कार्याधिकृत |
| ५२. जी. एस.ओ. ३ (स्टाफ ड्यूटिज) | सहायक व्यवस्थाधिकृत |
| ५३. डिरेक्टर अफ मिलिटरी इण्टेलिजेन्स | सैनिक समाचार निर्देशक |
| ५४. जी. एस.ओ. २ (इण्टेलिजेन्स) | उप समाचाराधिकृत |
| ५५. डिरेक्टर अफ मिलिटरी ट्रेनिङ्ग | सैनिक विनय निर्देशक |
| ५६. जी.एस.ओ. २ (ट्रेनिङ्ग इन्फयान्ट्री) | उप-पदाधि विनयाधिकृत |
| ५७. जी.एस.ओ. ३ (ट्रेनिङ्ग अदर आर्म्स) | सहायक विशेषायुध विनयाधिकृत |
| ५८. ट्रेनिङ्ग टिम | शाही सैनिक शिक्षालय |
| ५९. ट्रेनिङ्ग विङ्ग | विनय पक्ष |
| ६०. एजुकेशन विङ्ग | शिक्षण पक्ष |
| ६१. ट्रान्सलेशन सेक्सन | अनुवाद शाखा |
| ६२. कमाण्डेण्ट आर्मि स्कूल | सैनिक शिक्षाधिकृत |
| ६३. एडजुटेण्ट जनरल | कार्यरथी |
| ६४. असिष्टेन्ट एड्जुटेन्ट जनरल | सहसंगठन तथा सञ्चालनाधिकृत |
| ६५. डिपुटी असिष्टेन्ट एड्जुटेन्ट जनरल | उप संगठनाधिकृत |
| ६६. स्टाफ क्याप्टेन (रिक्रुटिङ्ग) | सहायक सैन्य संगठन तथा संचालनाधिकृत |
| ६७. स्टाफ क्याप्टेन | सहायक संचालनाधिकृत |
| ६८. डिपुटी एड्जुटेन्ट जनरल | कार्य महासेनानी |
| ६९. डिपुटी असिष्टेन्ट जनरल (पे एण्ड पेन्सन) | उप वेतन वृत्याधिकृत |
| ७०. जज एड्वोकेट जनरल | सेना प्राड विवाक |
| ७१. डिपुटी असिष्टेन्ट एड्जुटेन्ट जनरल (लिगल) | उप सेना प्राड विवाक |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४४०

| | |
|---|---|
| ७२. डिपुटी प्रभोष्ट मार्शल | सहायक दण्ड नायक |
| ७३. डिरेक्टर अफ मेडिकल सर्भिस | सैनिक स्वास्थ्य सेवा निर्देशक |
| ७४. डिपुटी असिष्टेन्ट डाइरेक्टर मेडिकल सर्भिस | उप स्वास्थ्य सेवाधिकृत |
| ७५. डिपुटी असिष्टेन्ट डाइरेक्टर हाइजिन | सहायक आरोग्याधिकृत |
| ७६. क्याम्प कमाण्डेन्ट | उप निवेशाधिकृत |
| ७७. स्टाब्लिसमेन्ट अफिसर | सहायक निवेशाधिकृत |
| ७८. क्वाटर माष्टर जनरल | प्रवन्धरथी |
| ७९. इन्जिनीयर इन–चीफ | प्रमुख स्थपति |
| ८०. एस.ओ. १ | सहस्थपति |
| ८१. डिपुटी असिष्टेन्ट एड्‌जुटेन्ट एण्ड क्वार्टर माष्टर जनरल (मुभ) | उप चल्ती कार्याधिकृत |
| ८२. एस.ओ. ४ | सहायक स्थपति |
| ८३. असिष्टेन्ट डाइरेक्टर सप्लाइ ट्रान्सपोर्ट | सह खाद्ययानाधिकृत |
| ८४. डिपुटी असिष्टेन्ट डाइरेक्टर सप्लाई ट्रान्सपोर्ट | उप खाद्ययानाधिकृत |
| ८५. डिपुटी क्वार्टर माष्टर जनरल | प्रबन्ध महासेनानी |
| ८६. असिष्टेन्ट डाइरेक्टर अर्डन्यास सर्भिस | सह सम्भाराधिकृत |
| ८७. असिष्टेन्ट डाइरेक्टर अर्डन्यान्स सर्भिस (प्रभिजन) | सह सम्भार प्राप्त्याधिकृत |
| ८८. डिपुटी असिष्टेन्ट डाइरेक्टर अर्डन्यान्स सर्भिस | उप सम्भाराधिकृत |
| ८९. स्टाफ क्याप्टेन | सहायक सम्भार प्राप्त्याधिकृत |
| ९०. डाइरेक्टर अफ फयाक्ट्रीज | सैनिक निर्माण शाला निर्देशक |
| ९१. डिपुटी असिष्टेन्ट डाइरेक्टर मिलिटरी इन्जिनीयर | उप–निर्माण शालाधिकृत |
| ९२. वर्कशप | कारखाना |
| ९३. अफिस | अड्डा |
| ९४. जी. ब्रान्च | वलाधिकृत विभाग |
| ९५. ए.ब्रान्च | कार्यरथी विभाग |
| ९६. क्यू. ब्रान्च | प्रबन्ध रथी विभाग |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।